# देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान

# २०६४

आयोजक

राजनीतिशास्त्र विद्यार्थी संघ
केन्द्रिय समिती
ज्ञानेश्वर, काठमाण्डौं
फोन न.०९७७-१४४३४७१५ फ्याक्स न.०९७७-१४४३६०४०
इमेलः-**info@apssnepal.org** वेवसाईटः-**www.apssnepal.org**

**देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान**

२०६४

# पृष्ठभूमि

वर्तमान संक्रमणकालिन अवस्थामा देशको राजनीतिक परिस्थिती अझ जटिल बन्दै गएको छ । यस्तै जटिलता बीचमा पनि संविधानसभा मार्फत जनमुखी नयाँ संविधान लेखाउन विद्यार्थी युवाको भूमिका अहम् रहेको हुन्छ । विभिन्न समयमा भएको महत्वपूर्ण परिवर्तनको वाहक यूवा विद्यार्थीहरुलाई राज्य र राजनैतिक दलहरुले गरेको वेवास्ताले गर्दा अहिले धेरै युवा विद्यार्थीहरुमा देश, राजनीति र राजनैतिक दलहरु प्रतिको चासो घट्दै गएको छ अझ राजनीतिक दलका नेता र राजनीति प्रति नकारात्मक सोच नै विकाश भइसकेको छ । जसले गर्दा देशको वर्तमान स्थिति प्रति उनीहरु अनभिज्ञ झै रहन चाहन्छ । युवाहरुमा हालको राजनैतिक गतिविधिलाई गलत तरिकाले पनि बुझ्ने गरेको पाइन्छ जसले देशको परिवर्तनका साधक युवाहरु दिगो विकाशका साथै उनीहरुको भावि सोच नीतिहरुमा पनि असर पर्न सक्छ, तसर्थ युवा विद्यार्थी वर्गलाई देशको वर्तमान परिस्थिती तथा भावी कार्ययोजनाहरुवारे जानकारी गराउन आवश्यक छ । यसको लागि राजनैतिक दललाई नेतृत्व गरिरहेका नेताहरु तथा विभिन्न योजनाका पदाधिकारीहरुका साथै अन्य समुदायका व्यक्तिहरुसँग विद्यार्थीहरु बसी Face to Face जानकारी आदान प्रदान गर्न आवश्यक भएकोले यो कार्यक्रमको आयोजना गरिएको हो ।

### कार्यक्रमको जानकारी

देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान-२०६४ (Students Face to Face Program) बागबजार स्थित पद्म कन्या क्याम्पसको मैत्री भवनको डेनमार्क हलमा 11th Feb.२००८ मा राजनीतिशास्त्र विद्यार्थी संघ, केन्द्रिय समितिले आयोजना गऱ्यो । कार्यक्रमको प्रमुख अतिथीको रुपमा नेपाली कांग्रेसका सह-महामन्त्री अर्जुन नरसिंह के.सी., ने.क.पा. एमालेका केन्द्रिय सदस्य के. पी. शर्मा ओली थिए । दोस्रो कार्यक्रम पुल्चोक इन्जिनियरिङ्ग क्याम्पसमा 16th Feb. 2008 मा गरियो । जहाँ ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्ड प्रमुख अतिथी हुनुहुन्थ्यो । दुवै कार्यक्रमलाई दुई भागमा विभाजन गरिएको थियो, पहिलो भागमा विभिन्न क्याम्पस बाट संग्रह गरिएको प्रश्नवाली जो प्रमुख अतिथिहरुलाई राख्ने र त्यसमाथी प्रमुख अतिथिहरुले आफ्नो विचार राख्ने त्यसै गरि दोस्रो भागमा सहभागि विद्यार्थीहरु बाट Face to Face प्रश्न राखि अतिथिहरुबाट उत्तर खोज्दथे । यस कार्यक्रमको लागि भनेर काठमाडौंको सरकारी तथा गैर सरकारी विद्यालय तथा क्याम्पसबाट विभिन्न विद्यार्थीहरुको प्रमुख अतिथिहरु सँगको प्रश्न संग्रह गरिएको थियो । प्रमुख अतिथिहरुको साथै यूवा विद्यार्थी वर्गको उल्लेख्यरुपमा सहभागि रहेको थियो भने पत्रकार र राजनीतिककर्मीहरुको पनि सहभागिता रहेको थियो ।

### कार्यक्रमको उदेश्य

वर्तमान देशका राजनीति राजनैतिक नेताहरुको पेवा झै देखिएको र युवा विद्यार्थीहरुलाई राजनीतिबाट अलग्याउने परम्परावादी सोच हावी रहेको अवस्थामा देशको वर्तमान अवस्था प्रति युवा विद्यार्थीलाई

**देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान**

**२०६४**

सक्रिय गराउनु मुख्यत यो कार्यक्रमको उदेश्य रहेको छ । यो सहित महत्वपूर्ण उदेश्यहरुलाई निम्नानुसार उल्लेखित गरिएको छ त्यसैगरि :-

- युवा विद्यार्थीहरुको राजनैतिक जनचेतना अभिवृद्धि गर्न
- राजनैतिक नेताहरु जनता प्रति उत्तरदायी बनाउन
- युवा विद्यार्थीहरुलाई राजनीतिमा सकारात्मक सक्रिय समावेस गराउन
- भावि कार्ययोजना बारे जानकारी आदान प्रदान गर्न
- अन्तर राजनीतिक दलहरुको एक आपसमा भइरहेको आरोप प्रत्यारोप प्रति स्पष्टता गराउन कार्यक्रम केन्द्रित रहने छ

माओवादी गतिविधि न्यूनिकरण सम्बन्धमा फरक समयमा देखा परेका फरक रुपले राजनीतिक दृढतामा कमी आएको लगायतका प्रश्नमा जवाफ दिदै प्रचण्ड

समसामयिक विषयसँग सम्बन्धित सवालको जवाफ दिदै

**नेपाली कांग्रेसका सह-महामन्त्रि श्री अर्जुन नरसिंह के. सी.**

- विद्यार्थीहरुको निर्वाचन सातदलकै निर्णयले सरको हो । एकतामा विभाजनको स्थिति नआयोस भनि स्थगित गर्ने निर्णय गरेको हौं । कतै विवादास्पद परिस्थिति निस्कन्छ कि भन्ने आशंकाले सात दलले निर्णय गरेको हो ।

- नेपाली कांग्रेस कसैको लहलहैमा आफ्नो सिद्धान्त समर्पण गर्दैन दलिय सहकार्य शान्ति र स्थायीत्वको लागि मात्र हो । नेपाली कांग्रेस आफ्नो प्रतिष्ठा र प्रतिबद्धतालाई कहि पनि चुकाउदैन । ११ वर्षे सशस्त्र द्वन्द्व बाट आएको माओवादी र शान्तिपूर्ण ढङ्गबाट अघि बढेको नेपाली कांग्रेस बीच कहिलेकाहि उतार-चढाव देखा पर्छ जुन सहमतिको आधारमा भएका छन्, त्यसैले हामी माओवादीका लहलहैमा लागेका छौ भन्ने आरोप गलत हो ।

- राजाले संविधानको रक्षक भन्दा भक्षकको रुपमा अगाडी बढेकोले नेपाली कांग्रेसको ११ औ महाधिवेशनबाट राजतन्त्र हटाएर संघियतामा जाने निर्णय गरेका हौ र यसको स्वरुप भौगोलिकताको आधारमा, जनसांख्यिकताको आधारमा, आर्थीक स्वरुपको आधारमा तथा सांस्कृतिक र सामाजिकताको आधार अनुसारको प्रान्तिय संरचना हुनेछ ।

**देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान**

**२०६४**

- हामी पुस्तान्तरणको प्रक्रियामा छौ । पार्टी भित्रका घोषणा-पत्र बनाउने अन्तिम चरणमा छौ, जहाँ हामी कम्तिमा २०%-२५% सम्म युवा प्रतिनिधि बनाउने प्रयासमा छौ ।

- राजतन्त्र र लोकतन्त्र सगंसगै जान सक्दैन भनि हामीले संघिय लोकातन्त्रमा जाने निर्णय गरेको हौ । कांग्रेसले अनुसाशन समिति गठन गरी पार्टीका नीति भन्दा बाहिर बोल्नेलाई अनुसासित, समायोजित गर्ने र उचीतरुपमा सांगठानिक कारवाही गर्ने छ । सुजताको अभिव्यक्ति नितान्त व्यक्तिगत कुरा हो र यस्ता कुराहरु प्रति नेपाली कांग्रेस अतन्त्य गम्भीर रहेको छ ।

- वर्तमान सरकारको स्वरुप संकमण कालिन तदर्थ स्वरुप हो । यो सरकार संविधानसभाको निर्वाचन सरल र धाँधली रहीतरुपमा सम्पन्न गर्न नीति नियम बनाउने र अन्तरिम रुपमा सरकार चलाउने मात्र हो । अन्तरिम संविधानले नै सम्पूर्ण कुराहरु हुनुपर्छ भन्ने कुरा छ, त्यो सम्भव छैन । साथै दिगो विकाश र सामाजिक रुपान्तरण संविधानसभाको निर्वाचनबाट मात्र सम्भव छ ।

- दिलेन्द्र वडू माथी भएको घट्ना आतंककारी र हत्यारा पाराले गरिएको अपाराधिक घट्ना हो त्यसको हामी घोर भत्सर्ना गर्दछौ । कुनै पनि क्षेत्र कसैको निषेधित हुन सक्दैन र यो कसैको विर्ता पनि होइन । YCL को गतिविधि प्रजातान्त्रिक र व्यावहारिक रुपमा परिवर्तन हुन सकेको छैन । माआवादीले आफ्नो प्रतिवद्धतालाई लोकतान्त्रिक रुपमा अगाडी ल्याउनु सक्नु पर्दछ । हरेकको विचार र दृष्ट्रिकोणलाई सम्मान गर्नु आवश्यक छ र चुनावको मुखमा अवश्य पनि यो मुठभेडको स्थितीले राज्यलाई असर पार्छ ।

- गैर जिम्मेवारीपूर्ण रुपले निर्देशन नदिई हामी लोकतान्त्रिक तवरले दिन सक्छौ अघि बढ्ने छौ । हामी ने.वि.संघ र तरुण दललाई अप्रजातान्त्रिक, हिंसात्मक र बाहुबलले अगाडी बढाउन चाहन्नौ ।

- तराईका जनताले उठाएका उचित मागलाई सम्बोधन गर्नु पर्दछ भन्ने हाम्रो दृष्ट्रिकोण हो । राष्ट्र संघको परिभाषा अनुसारको आत्म निर्णय चाहि दिन सकिन्छ तर त्यो पनि संविधानसभाको चुनावले निर्दिष्ट गर्छ तर राष्ट्रिय एकता र अखण्डतालाई चुनौती दिने आत्मनिर्णयको मागलाई हामी मान्दैनौ ।

**ने.क.पा. एमालेमा केन्द्रीय सदस्य श्री के.पी. शर्मा ओली**

- ने.क.पा.(एमाले) आफ्नो दार्शनिक, वैचारिक, नीतिगत, व्यवहारिक र आर्थिक विषयमा स्पष्ट दृष्ट्रिकोण छन् । एमाले संग जनताको बहुदलीय जनवाद छ, गन्तव्य स्पष्ट छ, विधिहरु स्पष्ट छन्, विभिन्न आन्दोलनमा एमालेसँग आफ्नो स्पष्टता छ । जनताले आन्दोलन मार्फत ल्याएका उपलब्धीलाई रक्षा गर्ने, दिगो शान्तिको स्थायीत्व र समतामुलक समाज, सामाजिक न्यायको स्थापना गर्नको लागि, राजनीतिलाई लोकतान्त्रिक ढाँचामा लिनको लागि एमालेको आफ्नो स्पष्ट सोच छ । हिजो राष्ट्रिय एकता जस्तो रुपमा थियो त्यो भत्किरकेकोले आज राष्ट्रिय एकता र संघियताको लागि राजनीतिक

पार्टीहरुको एकताको खाँचो छ । एमाले दलीय हित भन्दा जनताको हितमा ध्यान दिन्छ । एमालेले अति-वामपन्थिलाई उग्रवामपन्थि धारमा र दक्षिणपन्थिलाई अतिवादी नबनाउन पहल गरेको हो ढुलमुले चरित्र देखाएको छैन ।

- ने.क.पा. एमाले जतिवेला नेपाली समाजमा गरिवलाई कर्मको फल भनिन्थ्यो त्यसवेला देखि सामाजिक असमानताहरु विरुद्धमा लागिरहेको छ । अहिलेसम्म पनि आफ्नो अडानमा अडिग छ, कुनै कुरामा राजनीतिक अन्योल समाप्त गर्न सबैसँग सहकार्यमात्र गरेको हो ।

- एमालेको भातृ संगठनमा महिलाको प्रतिनिधित्व यतिनै प्रतिशत छ भनेर भन्न नसकिए पनि अन्य संगठनको भन्दा केहि बढि नै रहेको छ र भविष्यमा महिलाहरुलाई ससक्तिकरण गराई सशक्तरुपमा सहभागि गराउनेछ ।

- असमानता र विभेदहरुको अन्त्य गर्न, एकताबद्ध र सम्मृद्ध नेपालको सृजना गर्न, यथास्थितिवादीबाट मुलुकलाई अन्त्य गर्न ने.क.पा. एमाले कटिबद्ध रहेकोले र आगामी घोषणा पत्रमा पनि युवा विद्यार्थीहरुको बारेमा स्पष्ट नीति रहेकोले ने.क.पा. एमाले प्रति मत जाहेर गर्नु पर्ने मेरो सोच रहेको छ ।

- ने.क.पा. एमालेले सत्ता कब्जा गर्छ तर जनआधार बाट नकि कुनै विद्रोह तथा हिंसात्मक विधिबाट ।

- एउटा समयको राजनीतिक परिपाटी र अर्को समयको राजनीतिक परिपाटी एउटै होइन त्यसकारण ०३६, ०४६ र ०६३ सालको एमालेको भूमिका भिन्दा भिन्नै हुनु स्वाभाविक हो ।

- ने.क.पा.(एमाले) माओवादीद्वारा संचालित रक्त आन्दोलनलाई न त मान्दछ न त निरंकुश राजतन्त्रलाई, यी दुवैलाई मान्दैन । माओवादीलाई विश्वास गर्दिन तर सहकार्यमा छौ र राजसंस्था प्रति हाम्रो विश्वास होइन सम्झौता मात्र थियो त्यसलाई सच्चाउन हाम्रो प्रयास थियो ।

- माओवादीलाई कानुनी प्रकियामा ल्याउन सहमतिको आधारमा अघि जानु पर्दछ भन्ने म नै हुँ र १२ बुँदे समझदारीको शुरुदेखि अन्त्यसम्म लागिरहेको व्यक्ति पनि म नै हुँ त्यसकारण म यो सहमति र सम्झौताको विरोधमा हैन यसको कार्यन्वयनको तौर तरिकाको विरोधी हुँ ।

- Baby King, Ceromonial King र Cultural King को विषयमा ने.क.पा.(एमाले) कसैलाई मान्दैन ।

- शान्ति, उन्नती र विकाशका लागि हामी एकता गर्ने छौ ।

- मान्छे कुट्न पाईदैन भन्दा दक्षिणपन्थि हुन्छ भने ने.क.पा. एमाले दक्षिणपन्थि हो ।

**देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान**

२०६४

- सातदलले सहमति बनाएर राजाको घोषणा आएको हो ।
- सातदलले नेपालको राजनीतिलाई सहमतिको आधारमा अगाडि बढाउनु पर्दछ ।

**ने.क.पा. माओलादीका अध्यक्ष श्री प्रचण्ड ज्यू**

- दलहरुले समाजको हरेक तह तप्काको नेतृत्व गरी जनताको निश्चित भावनाको कदर गर्न आवश्यका छ । हाम्रो पार्टी सर्वहारा वर्गको पार्टी हो, जसले मजदुर तथा सम्पूर्ण सर्वहरा वर्गको प्रतिनिधित्व गर्दछ । सामान्तवाद र विदेशी हस्तक्षेपको विरोधमा जाने पार्टी,२१ औ शताब्दीमा लोकतन्त्रको विकाश गर्ने पार्टी हो र यसमा जननियन्त्रित नेतृत्व हुनु पर्दछ साथै जनताको आवश्यकतासम्म सम्बोधन गर्न सके त्यो पार्टी जनताको पार्टी हो । नयाँ नेपाल भन्नाले दुईवटा कुरा बुझ्नु पर्दछ, राजनीतिक परिवर्तन र आर्थिक परिवर्तन राजनीतिक क्रान्ति समाप्ती पछि आर्थिक क्रान्ति शुरु गरिनेछ । तसर्थ राजनीतिक क्रान्ति र आर्थिक क्रान्तिले नै नयाँ नेपालको सृजना गर्न सकिन्छ त्यसकारण औद्योगिकरणको प्रक्रिया थाल्नु पर्छ जसमा प्राविधिकहरुको महत्व बढि हुने छ । संविधानसभा पछि आर्थिक क्रान्ति र त्यस सँगै प्राविधिकहरुको समायोजन गरिनेछ । विद्यार्थीको सन्दर्भमा स्ववियु चुनाव माओवादीले रोकेको होइन, प्रस्ताव पनि लगेको होइन, सात दलमा स्ववीयु निर्वाचन बारे के गर्ने भनि छलफल मात्र शुरुवात गरेको हो । नेपाली काग्रेसले अहिले गर्नु हुदैन भन्यो त्यस पछि बाँकी ६ दलले पनि सहमति जनाएको हो । हामी निर्वाचनमा जाने तयारी पनि गरेका हौं र यो भन्दा अगाडिको चुनावमा पनि भाग लिएका थियौ ।
- माओवादी पार्टी १० वर्षे विद्रोहपछि शान्ति प्रक्रियामा आएपछि विश्वको उदाहरणीय पार्टी बनेको छ । हामी सरकारमा बस्ने र बाहिर विद्रोह गर्ने रणनीतिबाट पनि माओवादीलाई हेर्न सकिन्छ । नयाँ परिवर्तन भइरहेको हाम्रो देश नेपालमा चमत्ककारिक परिवर्तन (Redical Change) को आवश्यकता छ । हामी जनताको अभिमतलाई मान्दै अन्य दलका पूनः गठन (Reforms) को कुरामा नअल्झीई हामी चमत्ककारिक परिवर्तनमा नै जानेछौ । परिवर्तनको आवश्यकताको महशुस भइरहेको नेपालमा हामीलाई परिवर्तनको माध्यमको रुपमा लिइयोस् । हामीपूर्ण विद्रोहमा छौ । कहि गल्ती भए होलान् त्यसलाई तुरुन्तै सुधार तथा कारवाही गर्न तयार छौ । हाल मिडियामा भइरहेको प्रचारवाजी सत्य होइन ।
- गणतन्त्र घोषणा राजनैतिक तहमा, नैतिक तहमा र संवैधाधिक तहमा भएको सफलता हो । विगतमा जनताको भावना र संविधान भन्दा बाहिर गएर राजाले बोलेको छ । घट्नाक्रम फैलाउन चाहने ज्ञानेन्द्र र विदेशी तत्वहरुले चलखेल गरेका छन् । भारतका हिन्दुवादी संगठनहरुले राजा राख्न चाहेमा हामी ज्ञानेन्द्र र पारस दिन्छौ उनीहरुको नै राजा बनाउन् तर नेपाली जनतालाई थोपार्न पाइदैन ।

**देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान**

**२०६४**

- हाम्रो पार्टीको तर्फबाट राष्ट्रपतिको संकल्पले एकताको रुपमा आएको निर्णय हो र राष्ट्रपति हुनेवाला पनि छ । १० वर्षको जनयुद्धको क्रममा जनताको मुक्तिको लागि जन संघर्ष गऱ्यौ त्यो नै सफलताको रुपमा जान्छ । सामन्ती राजनीतिक प्रणली, सामन्ती पूँजीवादी समाज, सामन्तवादी संस्कृति लाई हामीले बदल्नु पर्दछ । हामी प्राकृतिक साधन स्रोतले गरिब छैनौ दक्षिण एसियामा नै पहिलो धनि देश हो । तसर्थ यसको अधिकतम् उपयोग गरि आर्थिक क्रान्ति ल्याउन जरुरी छ । तिब्बतमा वार्षिक ३० लाखको हाराहारीमा पर्यटक आउछन्, नेपालमा मात्र १० लाख पर्यटक तान्न सकियो भने विदेशी मुद्रा आर्जन गर्न र रोजगारीमा बृद्धि गर्नुको साथै सम्पूर्ण देशको आर्थिक स्थिती बृद्धि गर्न सकिन्छ । साथै जडिबुटी प्रसोधन केन्द्रको स्थापना र साना तथा मझौला आयोजनाहरुको स्थापनाका साथै भौतिकपूर्वधारको निर्माण गर्न आवश्यक छ । जुन कार्य अबको २० वर्षमा गर्ने मरो सोच छ ।

- राष्ट्रपति भन्ने घोषणाले प्रचण्ड पार्टी भित्रको अधिनायकवाद होईन, यो त एकताको प्रतिक हो । यो घोषणा मेरो होइन कमरेड वाबुराम र कमरेड मोहन वैद्यको प्रस्ताव अनुसार सर्वसहमतिमा भएको हो यसलाई मैले केवल स्विकारेको मात्र हुं । गुणात्मक तरिकाले नयाँ नेपालको निर्माण गर्न को लागि हो । संसारको सबै भन्दा ठूलो पार्टी माओवादीमा ५० लाख सदस्य छन् जसमा सम्पूर्ण वर्गको प्रतिनिधित्व छ ।

- राजालाई जसले राख्ने कुरा गर्छ उ राजावादी हो तर राजाका नजीक तथा राजावादीलाई भेट्ने मान्छे राजावादी हो भन्ने मेरो मनसाय होइन । राजतन्त्रको अन्त्य गर्ने उदेश्य लिएको मान्छे म कसरी राजावादी हुँला मुख्यत राजावादी हुनुहुदैन तर हिजोका राजावादीलाई भेट्नको मुख्य उदेश्य राजालाई कसरी हटाउन सकिन्छ भनेर हो ।

- नेपाली सेनामा राजावादी अझ रहेको छ । तर अहिले सेनामा र माओवादी सेनाको समायोजन हुन्छ र साझा सेना तयार हुन्छ ।

- बन्दुकको दई पक्ष छन् सैदान्तिक र व्यावहारिक पक्ष, राज्य सत्ता भनेको हिंसाको सत्ता हो र सत्ताले समान व्यवहार गर्छ भन्न गलत हो र यो सम्भव पनि छैन । सत्तामा बन्दुकको आवश्यकता छैन अमेरिकाले सबैभन्दा प्रजातान्त्रिक कुरा गर्ने तर इराक तथा अफगानीस्तानमा बमबारी गरिरहेको छ । बन्दुक भयो भने वलियो हुन्छ र उसको कुरा सबैले सुन्छ पनि । साथै यो बन्दुकले नै ल्याएको शान्ति हो यही बन्दुकले राजाको नुन खाएको सेनालाई शान्ति सिकाएको छ । हिंसाको निरपेक्ष समथर्न पनि हुँदैन र निरपेक्ष विरोध पनि हदैन । महान राष्ट्र निर्माण हुने वेलामा संकट र पीडा त हुन्छ । अहिलेको स्थिति बिग्रिहालेको होईन । १३ हजार नेपालीको बलिदानले नै अहिलेको परिवेशलाई सृजना गरेको छ । जुन नयाँ नेपालको निर्माणको घडिमा छ । साथै युगान्तकारी परिवर्तनमा धेरै थोरैले मात्र बलिदान गर्ने मौका पाउँछ । १३ हजार बलिदानी नेपालीको लागि दुईवटा व्यवस्था गरिएको छ पहिलो सरकारको तर्फबाट शान्ति आयोग को गठन र अर्को पार्टीको तर्फबाट शहिद प्रतिष्ठानको निर्माण जसबाट घाइते

तथा अङ्गभङ्ग भएकाहरुलाई उपाचारको व्यवस्था र उसका छोरा-छोरीलाई शिक्षाको व्यवस्था गरिएको छ ।

- चुनावको प्रचार गर्न नदिने रणनीति हाम्रो होइन, यो भ्रम मात्र हो एकाद घट्ना परेमा तत्काल छानविन गर्ने हामीले प्रतिवद्धता जनाएका छौ र यो छानविन आयोग हाम्रो नै पहलमा स्थापना भएको छ । २३ बुँदे सम्झौतापछि यस्ता घट्नाक्रममा ९९ प्रतिशत कमी आएको छ । दार्चुलाको घट्नामा YCL वा माओवादीको सहभागि होइन । केहि यस्ता समूह तथा व्यक्तिहरु पनि छन जसले माओवादीले ढुङ्गामुढा नगरेकोमा चिन्तित छन् । अहिलेको घट्नाक्रम हेर्नुहोस्, माओवादीले के-कतिको हत्या गऱ्यो र कतिलाई कुटपीट गरे साथै हाम्रो माओवादी र YCL कति मरे, कतीले कुटाई खाए यसलाई राम्ररी नियालीदिनु भयो भने हामीप्रति अवस्य नै सहानुभूति हुन्छ । हाम्रो पार्टी विद्रोहबाट आएकोले हात र मुख दुवै चल्छन् तर अरुको मुखमात्र चल्छन् ।

- नागरिकता, संघियता र जनसंख्याको आधारमा निर्वाचन जस्ता तीन माग पुरा भएपछि तराई समस्या समाधान हुनु पर्ने हो तर अहिलेको आन्दोलन जनताको लागि भएको होईन । **तराई दरवार र विदेशीको लागि यस्तो ठाउँ भएको छ जहाँबाट विभिन्न क्रियाकलाप गर्ने विन्दुको रुपमा देखा परेको छ** । वार्ता प्रक्रियाद्वारा समस्याको छलफल गर्नु पर्छ साथै संविधानसभामा मधेसमा कुनै समस्या आएमा हामी सात दल मिलेर समाधान गर्ने प्रयास गर्ने छौ ।

- मलाई मन पर्ने पेशा पाइलट बन्ने हो भने त्यसपछि लेफ्टीनेन्ट बन्ने थियो पछि जब B. Sc. अध्ययन गरे त्यतिखेर कृषिमा क्रान्ति गर्ने गरि काम गरे अन्त्यमा म शिक्षक पेशामा लागे । मेरो मन पर्ने पेशा त वास्तवमा राजनीति नै हो यस भन्दा बाहेक सामाजिक सेवा असाध्यै मन पर्ने क्षेत्र हो ।

- यहाँ अमेरिकाको पनि प्रजातन्त्र, माओको चाइनाको पनि प्रजातन्त्र हो भनि रहेको छ । यस विषयमा हामीले ७ वर्ष पहिले छलफल पनि गरेका थियौ तर जे होस चुनाव गर्नु तथा हुनु मात्र प्रजातन्त्र होईन र चुनाव बिना प्रजातन्त्र  सम्भव पनि छैन । यसकारण प्रजातन्त्र भनेको जनताको नियन्त्रणमा, निगरानीमा र जनताबाट नै चलाईने व्यवस्था प्रजातन्त्र हो ।

- YCL लाई तरुण दल जस्तो बुझ्नु भएन । हिजो माओवादीमा दुई सेना थियो एउटा नियमित र अर्को आंशिक । YCL हाम्रो आंशिक सेना हो यसलाई हामीले तालिम दिएका छौ जसलाई समाजमा परिचालन गरि देश भरि नै छरिएका छन् । यसलाई समायोजन गर्न अनमिन र अन्य दलहरुले मानेनन् । यस मिलिसियालाई सेनाका कमाण्डरले कमाण्ड गरेको छ । यसलाई बिस्तारै राजनीतिकर्मीमा बदल्दै छौ । जनमुक्ति सेना र YCL लाई जसरी व्यवस्थापन भएको छ त्यस्तो कहि पनि कम क्षतिमा भएको छैन । तपाई हेर्नुहोस YCL का ४ दर्जन जति मारिएका छन् तर उनीहरुले सर्वसाधरण कति जना माऱ्यो  यो बझ्नु भयो भने YCL प्रति सकारात्मक सोच आउछ साथै YCL सबै प्रति नतमस्तक छ ।

**देशको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक विशेष विद्यार्थी-साक्षात्कार कार्यक्रम अभियान**

**२०६४**

- हाम्रो पार्टीले यो शिक्षा प्रणालीलाई बेठिक भनिरहेको छ। शिक्षालाई निजीकरण र व्यापारीकरण हुनुबाट रोकेर राज्य ले नै लिनु पर्दछ। शिक्षा जनतामुखी हुनु पर्दछ। श्रीलंकाको उदाहरण दिदै राज्यले एउटा सीमासम्म शिक्षा र स्वास्थको जिम्मा लिई निशुल्करुपमा सेवा प्रदान गरि सबैको पहुँच र सबैलाई पुऱ्याईनु पर्ने हुन्छ। जसमा वैज्ञानिक शिक्षा नीति अवलम्बन गर्नु पर्दछ।

- नेताकोबारेमा संसार भरी चर्चा चल्छ, एक पक्षबाट व्यङ्ग्यात्मक र अर्को पक्षबाट सम्मानित तवरबाट। जनता राम्रो भएमात्र नेता राम्रो हुन्छ। जनता लोभी पापी छन् त नेता पनि लोभीपापी हुन्छन्। जसको नेतृत्व गरको छ उसको हित प्रति प्रतिबद्ध छ भने त्यो असल नेता हुन्छ। सहि नेताको परिचय जनताको भावनामा नेताको भावना मिल्नु पर्छ र इमान्दार हुनु पर्दछ। म आफ्नो जन्म स्थान कास्कीबाट चुनावमा नउठेर काठमाण्डौ र रोल्पा जिल्लाबाट उठ्नु कारण जन युद्धको केन्द्र बिन्दु रोल्पा र जन-आन्दोलनको केन्द्र जिन्दु काठमाण्डौ भएकाले जन युद्ध र जन आन्दोलनको भावनालाई एकबद्धता गरि पुरै राष्ट्रलाई नेतृत्व गर्न सकिन्छ भनेर हो साथै जन्मस्थान तथा हुर्केका ठाउँ त आफ्नै भयो। आत्म निर्णयको अधिकारको नारा विखण्डनकारी नारा होइन, राष्ट्रलाई नयाँ उच्च स्थानमा पुऱ्याउने नारा हो, उत्पीडन मुक्तिको निम्तीको अधिकार हो।

**कार्यक्रमको निश्कर्ष :**

यो कार्यक्रमलाई हामीले एकै स्थानमा आयोजना गर्ने कोशिस गरेका थियौ तर अतिथीहरुको समय अभाव कारण छुट्टाछुट्टै स्थानमा गऱ्यौ। कार्यक्रमको लागि विभिन्न स्थानका क्याम्पस देखी युवा विद्यार्थीबाट संकलन गरिएका प्रश्नप्रति सम्बन्धित अतिथिबाट सम्बोधन गरिएको थियो। यो विद्यार्थी शक्ति र मुलुकको जिम्मेवार राजनेतालाई एकै मञ्चमा गोलमेच गराई यावत मुलुकमा समयमा समाधानको बहस थालनी हो। कार्यक्रमले सफलतापूर्वक उदेश्य पुरा गर्न सकेको छ। प्राविधिक र अन्य क्याम्पसको जेहेन्दार र मुलुकप्रति चिन्तनशील विद्यार्थी साथीहरुमा सम्पूर्ण समसामयिक प्रश्नको सुनुवाई यो कार्यक्रमले गराउन सफल भएको छ।